# सबल, सक्षम र व्यवसायिक सहकारीका लागि : जानेबुझेका र सक्रिय सञ्चालक

जिवसराज खड्का
महासचिव
बागमती प्रोस्कून

सहकारी संस्थाहरु स्थापना गर्न सजिलो छ । तीस जना नेपाली नागरिकहरु मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था दर्ता गर्ने सक्दछन् तर सहकारी संस्था सञ्चालन गर्ने विधी भने सोचे जस्तो सजिलो छैन । सहकारी कानुनमा सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित हुन कुनै निश्चित योग्यता तथा मापदण्ड उल्लेख भएको छैन । सहकारीमा आवद्ध भई १ कित्ता शेयर खरिद गरेको कुनै पनि व्यक्ति संस्थाको सञ्चालक समितिको पदाधिकारी एवम् सदस्यमा निर्वाचित हुन सक्ने कानुनी व्यवस्था रहेको छ ।

सहकारीको सञ्चालक समितिमा निर्वाचित हुन कानुनी अड्चन नभएता पनि सहकारी संस्थाहरुलाई दिगो, व्यवस्थित, पारदर्शी, सबल र सक्षम बनाउनका लागि सञ्चालक समितिमा निर्वाचित भएर आई सके पछि सहकारी संस्था सञ्चालन सम्बन्धी सबै किसिमको ज्ञान हाँसिल गर्नका लागि तत्पर रहनु पर्दछ र संस्थाले त्यसका लागि अवसरको सृजना गर्नु पर्दछ ।

सहकारी संस्था सञ्चालन गर्न अन्य कुनै क्षेत्रको अनुभव र दख्लताको आधारले मात्र सम्भव छैन । अन्य क्षेत्रको अनुभवले वित्तीय क्षेत्रको व्यवस्थापन गर्नु चुनौती पूर्ण रहेको छ । वर्तमान अवस्थामा अन्य क्षेत्रमा विषयविज्ञता हासिल गरेका व्यक्तिहरुले सहकारी संस्थाहरुको नेतृत्व लिने र सहकारी अभियानको भन्दा भिन्न र फरक दृष्टीकोण राख्दै सहकारी सञ्चालन गरी रहँदा संस्थाहरु असफल भई सहकारी क्षेत्रको समेत बदनाम भइरहेको छ । विगतका केही वर्षमा नेपाल सरकारले समस्यग्रस्त सूचीमा राखेको सहकारीहरुको अवस्था विश्लेषण गर्दा अन्य क्षेत्रमा खारिएका जिम्मेवार व्यक्तिहरुको लामो नामावली तयार हुने अवस्था रहेको छ ।

अर्कोथरी सहकारी नेतृत्वहरु सञ्जालमा आवद्ध नहुने र सञ्जालले दिशानिर्देश गरेको बाटो हिड्न आनाकानी गर्नुका साथै विभिन्न आर्कषण र प्रलोभनका योजनाहरुको आधारमा बचत संकलन गरी सदस्यहरुको बचत जोखिममा जाने क्रम झन पछि झन बढ्दै गई रहेको छ ।

यस तथ्यलाई दृष्टीगत गरी बचत तथा ऋण सहकारी अभियानमा दिगोपना, सुशासन र पारदर्शिता कायम गर्दै सदस्यहरुको सेवामा स्तरीकरण गर्दै लैजानु आजको आवश्यक्ता हो । अबको सहकारी अभियान एक्लै होइन सञ्जालीकृत भएर, सानो र कमजोर भएर होइन एकीकृत र सबल भएर, शंकाले होइन विश्वासले हेर्न सक्ने, अर्काको नियमनमा होइन स्वनियमनमा सुशासित हुने अवस्थाको सृजना गर्नु सहकारी अभियान्तको जिम्मेवारी हो । यसका लागि संस्थाहरुको सञ्चालक समितिले नियमित रुपमा सहकारी विषयमा शिक्षित भई रहनु पर्दछ । सहकारीमा प्रवेश गर्न र नेतृत्व गर्न सहकारी जान्नै पर्छ भन्ने छैन तर जिम्मेवारी लिई सके पछि आफ्नो जिम्मेवारीलाई सहज रुपमा पूरा गर्नका लागि सहकारी सञ्चालन सम्बन्धी देहाएका विषयहरु जान्नु पर्ने हुन्छ ।

**सञ्चालक समितिले जान्नै पर्ने कुराहरु :**

**१. वित्तीय प्रतिवेदन सम्बन्धी बुझाई र विश्लेषण :**

सहकारी संस्थाको सञ्चालक समितिका कुनै पनि पदाधिकारी एवम् सदस्यहरुले आफ्नो संस्थाको वित्तीय अवस्था कस्तो छ भन्ने कुरा प्रष्ट रुपमा बुझ्न सक्ने हुनु पर्दछ । यदि वित्तीय अवस्थाको जानकारी लिन सक्ने अवस्था नरहेमा संस्था जोखिममा रहे नरहेको थाहा हुदैन साथै कुनै व्यक्तिले वदनियतपूर्वक गरेको लार्पबाहीका कारण संस्थामा सुशासन कायम हुन सके नकसेको कुरा समेत जानकारी हुँदैन र यस्ता समस्याहरु आइसके पछि मात्र जानकारी हुँदा संस्थाको कारण व्यक्तिगत जीवनमा समेत प्रभाव पर्न सक्दछ । त्यसैले सहकारीको सञ्चालक समितिको पदाधिकारी एवम् सदस्यहरुले देहाएका कुराहरु अनिवार्य जान्नु पर्दछ ।

- बचत, शेयर र ऋणको अनुपात,
- ऋणको वर्गिकरण प्रतिवेदनको वास्तविक अवस्था
- योजना अनुसारको खर्चहरु र खर्च भुक्तानी अभ्यासको अवस्था,
- कोषहरुको अवस्था र कोषको उपयोगिताको अवस्था,
- नगद भल्ट, बीमाको अवस्था
- मुनाफाको अवस्था,
- तरलताको अवस्था,
- संस्थाको तिर्न सक्ने सक्षमता,
- वृद्धिको अवस्था,

**२. संस्थागत नीतिहरु निर्माण, अध्यावधिक र कार्यन्वयन :**

सहकारी संस्थालाई सुशासन युक्त बनाउनका लागि संस्थाले आफुले गर्ने सबै कृयाकलापहरु नीतिहरुमा आधारित भई गर्नु पर्दछ। सञ्चालक समितिलाई संस्थाको लागि आवश्यक नीतिहरुको विकास गर्न, कानुनमा आएको परिवर्तन तथा सहकारी अभियानले गरेको मार्गदर्शनका आधारमा संस्थाका नीतिहरु परिमार्जन गर्न र कार्यन्वयनको अवस्था परीक्षण गर्ने ज्ञान र सीप हुनु जरुरी रहेको छ। नीतिहरु विकास गर्दा सहकारी तर्फ आर्कषण हुने कुन कानुनले के कुराको व्यवस्था गरेको छ भन्ने कुराको जानकारी लिन सक्ने हुनु पर्दछ।

**३. व्यवसायिक योजना निर्माण :**

सञ्चालक समितिले आफ्नो जिम्मेवारीको सबै भन्दा महत्वपूर्ण कुरा आफ्नो कार्यकालमा संस्थालाई कस्तो बनाउने ? कत्रो बनाउने ? भन्ने कुराको लिखित दस्तावेजको रुपमा संस्थाको व्यवसायिक योजना निर्माण गर्नु पनि हो। व्यवसायिक रणनीतिक योजना निर्माणको समयमा संञ्चालक समितिको सबै भन्दा महत्वपूर्ण समय हो। व्यवसायिक योजना निर्माणका लागि समय उपलब्ध नगराउनु वा उपलब्ध गराएको समयमा आफ्नो योजनाहरुलाई व्यक्त नगरी व्यवसायिक रणनीतिक योजनालाई अपनत्व ग्रहण नगरेमा नेतृत्व प्रभावकारी हुदैन र नेतृत्व माथि आम सदस्यहरुको विश्वास पनि हुदैन। यसका लागि सञ्चालक समितिसंग योजना बनाउने सीप, क्षमता र ज्ञानको आवश्यक्ता रहेको हुन्छ।

**४. संरक्षकीय ज्ञान :**

सञ्चालक समितिले समग्रमा सम्पूर्ण कुराको जिम्मेवारी लिनु पर्दछ। मुख्य गरी संस्थामा भएको सम्पत्ति तथा दायित्वको पूर्ण जिम्मेवारी सञ्चालक समिति हो। सम्पत्तीहरुको सही व्यवस्थापन र परिचालनले मात्र दायित्व भुक्तानी सम्भव हुन्छ भन्ने कुराको सबै सञ्चालकमा ज्ञान हुनु जरुरी रहेको छ। संस्थाको स्वामित्वमा भएको सम्पत्तीहरुको सही सदुपयोग नगरेमा संस्था जुनसुकै समयमा धारासायी हुने सम्भावना विद्यमान रहन्छ यसले संस्थाको छबीमा समेत नकारात्मक असर पर्न सक्दछ, त्यसैले संञ्चालक समितिले संस्थाको छविको समेत रक्षा गर्नु पर्दछ।

**५. सहकारी सञ्जाल सम्बन्धी चासो :**

सहकारीका सञ्चालक समितिले सहकारीहरुको जिल्लास्तरीय, प्रदेशस्तरीय तथा राष्ट्रियस्तरका सहकारी संघहरु, विषयगत संघहरुमा संस्थाको अनिवार्य सहभागिता गराई संघहरुले सहकारीका क्षेत्रमा खेलेको भूमिका, वर्तमान अवस्थामा सहकारीका साझा समस्याहरु सम्बन्धी चासो, वित्तीय बजारमा चलेको वर्तमान प्रतिष्पर्धाको सम्बन्धमा पर्याप्त चासो राख्नुका साथै अभियानले लिएको जिम्मेवारीमा सुधारात्मक सुझाव, सहकारीका समस्याहरुको सम्बन्धमा सञ्जालहरुमा आफ्ना विषयवस्तुको प्रस्तुती र सुधारका लागि आफु र आफ्नो संस्था मार्फत ऐक्यवद्धता व्यक्त गर्नु पर्दछ ।

**६. निरन्तर अध्यावधिक रहने बानी :**

बचत तथा ऋण सहकारीले समुदायमा रहेका मानिसहरुलाई सदस्य बनाई उनीहरुबाट विभिन्न शीर्षकमा बचत संकलन गरी सोही बचतको परिचालन गर्ने नै मुख्य उद्देश्य रहेको हुन्छ । सहकारीको यी उद्देश्य पूरा गर्दा सहकारी तर्फ आर्कषण हुने ऐन कानुन नियमको पालना भए नभएको आफुले जानकारी पाउनु पर्दछ । यसको साथै सहकारीको सञ्चालकले कानुनमा आएको परिवर्तन, वित्तीय बजारमा प्रविधीमा आएको परिवर्तन, सहकारीहरुको असल अभ्यासमा भएको परिवर्तन, नियामक निकायहरुको निर्देशनहरु, आफ्नो संस्थाको परिकल्पना, ध्येय र उद्देश्यहरु र संस्थाको वर्तमान अवस्थाको पूँजी दायित्व एवम् सदस्यहरुको सम्बन्धमा आफुलाई सदैव अध्यावधिक गरी राख्नु पर्दछ ।

**७. समयको आर्दश उपयोग :**

सहकारीकर्मीले जहिले पनि समयको अधिकतम ख्याल गर्नु पर्दछ । संस्थाको सञ्चालक समितिको जिम्मेवारी लिई सके पछि संस्थामा जिम्मेवारी लिँदाको उत्साहलाई जिम्मेवारी छोड्दा समेत उत्तिकै कायम गर्नु पर्दछ । जिम्मेवारी अनुसार संस्थालाई उपलब्ध गराउनु पर्ने समयमा सञ्चालक समितिले कुनै किसिमको सम्झौता गर्नु हुदैन । सहकारी कर्मीले सहकारीका गतिविधी, बैठक, भेला, तालिम तथा गोष्ठीहरुमा तोकिएको समयमा उपस्थित हुने र पूरा समय दिने गर्नु पर्दछ । यसले सहकारी अभियानको सशक्तिकरणमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।

**“कानुनी अनविज्ञता क्षम्य हुदैन”** भन्ने मुलुकी देवानी संहिताको व्यवस्थाको मनन गर्दै सहकारीका सञ्चालक समितिको जिम्मेवारी लिनु पूर्वक आफुले लिएको जिम्मेवारी सफलता पूर्वक पूरा गर्ने संकल्प समिति नियमित रुपमा सक्रिय रहने र नियमित रुपमा आफुलाई अब्बल बनाउदै लैजाने कुरामा स्वयम्ले अहम भूमिका खेल्नु पर्दछ ।